प्रस्ताव नं.१ हिउदे नगरसभा बैठक सम्बन्धमा ।

निर्णय नं.१ प्रस्ताव नं.१ माथी छलफल गर्दा यस नगरपालिकाको चौधौं नगरसभा अधिबेशन मिति २०८०।१२।०३ गते बिहान ११:०० वजे टीकापुर नगरपालिका वडा नं.५ स्थित श्री टीकापुर बहुप्राविधिक शिक्षालयको सभाहलमा बस्ने निर्णय गरियो।

प्रस्ताव नं.२ हाल सम्मको समिक्षा ।

निर्णय नं.२ प्रस्ताव नं.२ माथी छलफल गर्दा चालु आ.व. २०८०/०८१ को लागि तेह्रौं नगरसभा बाट पारित भएको योजनाहरुको हाल सम्मको भौतिक तथा वित्तिय प्रगितको समिक्षा गरी तेह्रौं नगरसभा बाट पारित भएका योजनाहरुलाई पहिलो प्राथमिकतामा राखी कार्यान्वयन गर्ने र विगतका कार्यपालिका बैठकबाट छनौट भएका अत्यावश्यक आयोजनाहरु प्राथमिकताका आधारमा कार्यान्वयन गर्दै जाने गरि निर्णय गरियो।

प्रस्ताव नं.३ राजश्व परामर्श समितिको संयोजक, न्यायिक समिति संयोजक तथा अनुगमन समिति संयोजक तोक्ने सम्बन्धमा।

निर्णय नं.३ प्रस्ताव नं.३ माथी छलफल गर्दा हाल टीकापुर नगरपालिकाका नगर उप-प्रमुख निलम्बनमा रहनु भएकोले नगर उप-प्रमुखको संयोजकत्वमा रहेका समितिहरुको कामकारवाहीका सम्बन्धमा अन्यौलता सिर्जना भएकोले सो सम्बन्धमा के कसरी कामकारबाही अगाडी बढाउने सन्दर्भमा राय तथा परामर्शका साथै निर्देशनका लागी श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ४ योजना संसोधन सम्बन्धमा।

निर्णय नं.४ प्रस्ताव नं.४ माथी छलफल गर्दा आ.व. २०८०/०८१ मा स्विकृत योजनाहरु संशोधन गर्नुपर्ने भएमा आगामी कार्यपालिकामा पेश गर्ने शाखा,उपशाखा,इकाई तथा वडा कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

प्रस्ताव नं.५ कभडहल निर्माण सम्बन्धमा।

निर्णय नं.५ प्रस्ताव नं.५ माथी छलफल गर्दा टीकापुर नगरपालिका वडा नं. १ को बजार क्षेत्रको उपयुक्त स्थानमा कभडहल निर्माणका लागि विस्तृत अध्ययन प्रतिवेदन तयार गर्न सेवा तथा परामर्श शिर्षकमा विनियोजन रकमबाट रु. ५,००,०००/- (पाँच लाख मात्र) खर्च गर्नेगरि विस्तृत अध्ययन प्रतिवेदन तयार गर्ने तथा योजना कार्यान्वयन गर्ने निर्णय गरियो।

प्रस्ताव नं.६ वडा नं. १ देखि ९ का विधुतपोल स्थानान्तरण गर्ने सम्बन्धमा।

निर्णय नं.६ प्रस्ताव नं.६ माथी छलफल गर्दा वडा नं. १ देखि ९ का विभिन्न निर्माणाधीन सडकहरुका बाटो क्षेत्रमा रहेका बिधुतपोल हटाउने कार्यका लागि प्राप्त लागत अनुमान अनुसार कार्य अगाडी बढाइ प्राविधिक मुल्याङ्कन सहितको विवरण आगामी कार्यपालिकामा पेश गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ७ प्रवक्ता र विपद व्यवस्थापन समितिको राजिनामा सम्बन्धमा।

निर्णय नं.७ प्रस्ताव नं.७ माथी छलफल गर्दा टीकापुर नगरपालिकाका प्रवक्ता श्री बलिराम चौधरीले आफ्नो पदबाट मिति २०८०/०८/२३ गते दिएको राजिनामा र वन बाताबरण तथा विपद व्यवस्थापन समितिको संयोजक श्री बलिराम चौधरीले वन वातावरण तथा विपद व्यवस्थापन समितिको संयोजक पदबाट मिति २०८०/०६/२३ गते दिएको राजिनामा स्वीकृत भएकोले कार्यपालिकाबाट अनुमोदन तथा समर्थन गर्ने निर्णय गरियो।

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमाणित

प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner

प्रस्ताव नं.८ भुमि व्यवस्थापन कार्य सम्बन्धमा।

निर्णय नं.८ प्रस्ताव नं.८ माथी छलफल गर्दा भुमिहिन दलित, भुमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको जग्गा नापजाँच गर्ने कार्य टीकापुर नगरपालिका वडा नं. ३ र ४ बाट सुरुवात गर्ने तथा अन्य वडाको हकमा क्रमश अगाढी बढाउने निर्णय गरियो।

प्रस्ताब नं. ९ :- ठेक्का रकम बचत सम्बन्धमा।

निर्णय नं. ९ :- प्रस्ताव नं. ९ माथी छलफल गर्दा टीकापुर नगरपालिकाको लागि संघिय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत केन्द्रबाट छनौट भएका नमुना विद्यालय तथा बिशेष विद्यालयको भवन निर्माण तथा पूर्वाधार व्यवस्थापन अनुदान शिर्षकमा विनियोजन बजेटबाट ठेक्का लगाउदा बचत हुन आएको रकम बाट नमुना विद्यालयहरुको गुरुयोजना बमोजिम सोहि योजनामा खर्च गर्ने गरि श्री कर्णाली मा.वि. टीकापुर-१, को मिति २०८०/०९/२० गते बसेको विद्यालय व्यवस्थापन समितिको निर्णय नं. १ बमोजिम अनुरोध भै आएकोले तपशिल बमोजिमको योजनामा रकम खर्च गर्ने निर्णय गरियो।

तपसिल :-

| क्र.सं. | आयोजनाको नाम ठेगाना, | ठेक्का नं | बिनियोजन बजेट (.रु) | ठेक्का कबोल रकम.रु) ( | बचत रकम (.रु) | बचत रकम बाट विनियोजित | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | आयोजनाको नाम र ठेगाना | बिनियोजन रकम(.रु) |
| १०. | शैक्षिक भवनको दोश्रो तला (फिनिसिंगसम्म),चमेना गृह भवन फिनिसिङ्ग सम्म, प्रयोगशाला भवनको दोश्रो तला भवन फिनिसिङ्ग सम्म नमुना मा बि.,टिकापुर१- :कैलाली ठेक्का नं, | TMO/NCB/0/7 BUILD/2080/0 81 | १००००००० | ६५,९०,६६०.६६ | ३४,०९,३३९.३४ | प्रशासनिक भवनको पहिलो तला सम्म छत ढलान तथा खेल मैदानमा माटो पटानी ,नमुना मा बि.,टिकापुर- कैलाली, १ | ३४,०९,३३९.३४ |

प्रस्ताब नं.१०:- वडा नं. १ र ३ को वडा कार्यालय भवन निर्माण स्थल तोक्ने सम्बन्धमा।

निर्णय नं. १० :- प्रस्ताव नं. १० माथी छलफल गर्दा टीकापुर नगरपालिका कार्यालय कम्पाउण्ड भित्र पश्चिम गेट नजिकको ग्यारेज रहेको स्थान स्थानान्तरण गरि सोहि स्थानमा वडा नं. १ को प्रशासनिक भवनको निर्माण कार्य अगाडी बढाउने र साविक टीकापुर गा.वि.स. वडा नं. ४ हाल टीकापुर नगरपालिका वडा नं. ३ कित्ता नं. १५९ को पूर्वतर्फ बाटो, पश्चिम तर्फ कित्ता नं. १४४,१५८ र १४६, उत्तर तर्फ कित्ता नं. २९३ र दक्षिण तर्फ कुलो यी चारकिल्ला भित्र निर्माण भएको रामपुर शहरि स्वास्थ्य केन्द्रको पूर्व तर्फको खालि जग्गामा टीकापुर नगरपालिका वडा नं.३ को प्रशासनिक भवन निर्माण गर्ने निर्णय गरियो।

प्रस्ताब नं.११:- ग्यालेक्सी होटेल पछाडिको बाटो ढल सहितको कालोपत्रे निर्माण गर्ने सम्बन्धमा।

निर्णय नं. ११ :- प्रस्ताव नं. ११ माथी छलफल गर्दा ग्यालेक्सी होटेल पछाडिको बाटो ढल निकास सहित पिच बाटोको लागत अनुमान तयार गरि आगामी कार्यपालिकामा पेश गर्ने निर्णय गरियो।

प्रस्ताब नं.१२ :- वडा नं. ७ को वडा कार्यालय परिसरमा माटो पटानी तथा कार्यालय व्यवस्थापन सम्बन्धमा।

निर्णय नं. १२ :- प्रस्ताव नं. १२ माथी छलफल गर्दा वडा नं. ७ को वडा कार्यालय परिसरमा माटो पटानी तथा कार्यालय व्यवस्थापनको लागि प्राविधिक द्वारा लागत अनुमान तयार गरि आगामी कार्यपालिकामा पेश गर्ने निर्णय गरियो।

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमाणित

प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner

प्रस्ताब नं.१३ :- टीकापुर न.पा.वडा नं.३ को नया बाटोको लगतकट्टा गर्ने सम्बन्धमा ।

निर्णय नं. १३ :- प्रस्ताव नं. १३ माथी छलफल गर्दा वडा नं. ३ शंकरपुर स्थित श्री टेक बहादुर बि.क. को घरदेखि पदम वि.क. को घरसम्मको नयाँ बाटोको लगतकट्टा गर्ने कार्यका लागि आवश्यक पहल गर्ने निर्णय गरियो ।

प्रस्ताब नं.१४ :- वडा नं.९ को वडा कार्यालय तथा शहरी स्वास्थ्य केन्द्र छानो मर्मत सम्बन्धमा ।

निर्णय नं. १४ :- प्रस्ताव नं. १४ माथी छलफल गर्दा विपद व्यवस्थापन समितिको सिफारिस बमोजिम वडा नं.९ को वडा कार्यालय तथा शहरी स्वास्थ्य केन्द्रको छानो मर्मत गर्न विपद तथा प्रकोप व्यवस्थापन शिर्षकमा विनियोजन बजेटबाट रकम खर्च गर्ने गरि मर्मत कार्य अगाढी बढाउने निर्णय गरियो ।

प्रस्ताब नं.१५ :-टीकापुर न.पा.वडा नं.७ जनता मा.वि. सोनाफाटाको बिषय शिक्षक तोक्ने सम्बन्धमा ।

निर्णय नं. १५ :- प्रस्ताव नं. १५ माथी छलफल गर्दा टीकापुर नगरपालिका वडा नं. ७ जनता मा.वि सोनाफाटा विद्यालयको यस पुर्व तोकेको विषय शिक्षकको ठाँउमा संशोधन गरि सामाजिक विषय शिक्षक तोक्ने निर्णय गरियो ।

प्रस्ताब नं.१६ :- होली पर्व, पुत्ला पर्व तथा नारी दिवस मनाउने सम्बन्धमा ।

निर्णय नं.१६ :- प्रस्ताव नं. १६ माथी छलफल गर्दा महिला, बालबालिका तथा समाज कल्याण उपशाखामा रहेको विभिन्न दिवसीय कार्यक्रम शिर्षकमा विनियोजित बजेटबाट प्रत्येक वडालाई रु.१०/१० हजारका दरले उपलब्ध गराउन निर्णय गरियो । साथै टीकापुर सास्कृतिक समाज द्वारा आयोजित होलि तथा पुत्ला पर्व मेलाको लागि साहित्य,कला र संस्कृति संरक्षण कार्यक्रम शिर्षकबाट रु ९०,००० -/(अक्षेरुपी नब्बे हजार मात्र) र शिव मन्दिर पदमपुर टीकापुर-७ मा मुर्तिस्थापना कार्यक्रममा भण्डारा खर्च सहयोग रु.१५,०००|- उपलब्ध गराउने निर्णय गरियो ।

प्रस्ताब नं.१७ :- सत्ती कर्णाली सामुदायिक वनको लागत साझेदारीमा तटबन्धन गर्ने सम्बन्धमा ।

निर्णय नं. १७ प्रस्ताव नं. १७ माथी छलफल गर्दा टीकापुर नगरपालिका वडा नं.७ सत्ती कर्णाली सामुदायिक वनको क्षेत्रभित्र रहेको कर्णाली नदिमा लागत साझेदारीमा तटबन्धन गर्न यस नगरपालिकाको तर्फबाट साझेदारी वापत विपद तथा प्रकोप व्यवस्थापन कोष बाट रु. २०,००,०००-/(अक्षेरुपी बिस लाख मात्र) विनियोजन गर्ने निर्णय गरियो ।

प्रस्ताब नं.१८ :- टीकापुर नगरपालिका वडा नं. ८ को एम्बुलेन्स चालकको सेवा सुबिधा सम्बन्धमा ।

निर्णय नं. १८ :- प्रस्ताव नं. १८ माथी छलफल गर्दा टीकापुर नगरपालिका वडा नं. ८ को एम्बुलेन्स संचालन बाट भएको हालसम्मको आम्दानि र खर्चको विवरण धनसिंहपुर स्वास्थ्य चौकीसँग माग गर्ने तथा आगामी कार्यपालिकामा पेश गर्ने निर्णय गरियो ।

प्रस्ताब नं.१९ :- टीकापुर नगरपालिका वडा नं.८ को सुर्यपुर देखि वडा कार्यालय जाने बाटो माटो पटानी सम्बन्धमा ।

निर्णय नं. १९ :- प्रस्ताव नं. १९ माथी छलफल गर्दा टीकापुर नगरपालिका वडा नं.८ को सुर्यपुर देखि वडा कार्यालय जाने बाटो माटो पटानी कार्यका लागि लागत अनुमान तयार गरि आगामी कार्यपालिकामा पेश गर्ने निर्णय गरियो ।

प्रस्ताब नं.२० :- बजेट संशोधन सम्बन्धमा ।

निर्णय नं. २० :- प्रस्ताव नं. २० माथी छलफल गर्दा आगामी नगर सभाबाट अनुमोदन तथा समर्थन हुने गरी क्षेत्रगत आयोजना तथा कार्यक्रमहरुको प्रगति समिक्षाको आधारमा तपशिल बमोजिम आयोजना तथा कार्यक्रमहरु संशोधन गर्ने र कार्यान्वयन गर्ने निर्णय गरियो ।

| क्र. सं. | साविक आयोजना तथा कार्यक्रमको नाम | साविक विनियोजित रकम रु | क्र. सं. | संशोधित आयोजना तथा कार्यक्रमको नाम | आयोजना स्थल | विनियोजीत रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | १ | दलित समुदायका विधार्थीहरुलाई कम्प्युटर डिप्लोमा तालिम | टी.न.पा. | ३०००००/- | |

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमाणित

प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | दलित तथा लक्षित वर्गका लागि विविध कार्यक्रमहरु संचालन | ८,००,०००/- | २ | दलित समुदायका विद्यार्थीहरुलाई एडभान्स मन्टेश्वरी तालिम | टी.न.पा. | ३०००००/- | |
| | | | ३ | दलित समुदायका विद्यार्थीहरुलाई पोशाक वितरण | टी.न.पा. | २०००००/- | |
| २ | राजिपुर पिपलचौतारा नजिक सामुदायिक ट्रस भवन निर्माण | २०००००/- | १ | सितापुर कुलो निर्माण | टी.न.पा.-२ | १०००००/- | |
| | | | २ | मान ब. सेट्टीको घर पश्चिमको बाटो तथा राम ब. नागार्जिको घरदेखि चक्र तिमिल्सिनाको घरसम्मको बाटो ग्राबेल | टी.न.पा.-२ | १०००००/- | |
| ३ | हलेलुया ख्रिस्टिया चर्च तार घेरवार | १०००००/- | १ | नुक्लिपुर खोप केन्द्रको छानो मर्मत | टी.न.पा.-५ | १०००००/- | |
| ४ | पहाडिपुर मरुवा निर्माण | १०००००/- | १ | वसन्ता गाउँको मरुवा निर्माण | टी.न.पा.-५ | १०००००/- | |
| ५ | खोप केनद्र व्यवस्थापन कार्यक्रम | ५००००/- | १ | वडाका बडघरहरुलाई मोबाइल वितरण | टी.न.पा.-५ | ५००००/- | |
| ६ | महाप्रस्तान यान संचालन तथा व्यवस्थापन | १०००००/- | १ | महाप्रस्तान यानको बडी निर्माण | टी.न.पा.-१ | १०००००/- | |
| ७ | ह्याचरी मेसिन खरिद | १५००००/- | १ | मिनिपावर टिलर खरिद | टी.न.पा.-१ | १५००००/- | |
| ८ | नगरपालिका क्षेत्रभित्रका विभिन्न सडकहरु ग्राबेल तथा माटो पटानी कार्यक्रम पूर्वाधार इन्धन | ५०००००/- | १ | टीकापुर १ विपदपुर सिताराम चौधरीको घरदेखि खुसिराम थारुको घरसम्म माटो पटानी तथा ग्राबेल | टी.न.पा.-१ | २५००००/- | |
| | | | २ | टीकापुर १ समितिपुर सशस्त्र तालिम केन्द्रको पछाडी रोडबाट सुरेश कठरियाको घरहुदै समितिपुर जोड्ने बाटो माटो पटानी तथा ग्राबेल | टी.न.पा.-१ | २५००००/- | |
| ९ | सरस्वति मा.वि. बनगाँउ प्राकृतिक स्रोत व्यवस्थापन कलेज,बहुप्राविधिक शिक्षालय,टीकापुर बहुमुखि क्याम्पस र शैक्षिकसंस्थाहरु र अन्य संघसस्थाहरुसंग साझेदारी कार्यक्रम | ४०००००/- | १ | सरस्वति मा.वि. बनगाँउको घेरापर्खाल निर्माण | टी.न.पा.-१ | ४०००००/- | |

प्रस्ताब नं.२१ :- कार्यविधि संशोधन सम्बन्धमा।

निर्णय नं. २१ :- प्रस्ताव नं. २१ माथी छलफल गर्दा टीकापुर नगरपालिकाको देहाय बमोजिमको आर्थिक सहायता सम्बन्धी कार्यविधि (दोस्रो संशोधन) २०७६, संशोधन प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो।

| दफा उपदफा र खण्ड | ऐनमा भएको व्यवस्था | संशोधन गर्न प्रस्ताव गरिएको व्यवस्था | संशोधन गर्नु पर्नाको कारण |
|---|---|---|---|

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमाणित

प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| टीकापुर नगरपालिकाको आर्थिक सहायता सम्बन्धि कार्यविधि, २०७६ को दफा (१) | (१) आर्थिक सहायता प्रदान गर्न सकिने देहायको अवस्थाका व्यक्ति वा निजका अभिभावक वा संरक्षकलाई यसै कार्यविधि बमोजिम तोकिएको प्रक्रिया पुरा गरी सम्बन्धित वडा कार्यालयको सिफारिसमा नगर प्रमुखले रु.५,०००/–पाँच हजार सम्म नगदै वा सो बराबर सम्मको जिन्सी सहायता गर्न सक्नेछ ।<br>(क) विरामी,<br>(ख) अशक्त–अपाङ्ग,<br>(ग) परिवारबाट विस्थापित सहारा विहिन वृद्ध, वृद्धा,<br>(घ) अति विपन्न व्यक्तिहरु,<br>(ङ) प्राकृतिक विपत्ति तथा विपत्मा परेका घरवार विहिन व्यक्तिहरु । | देहायको अवस्थाका व्यक्ति वा निजका अभिभावक वा संरक्षकलाई यसै कार्यविधि बमोजिम तोकिएको प्रक्रिया पुरा गरी सम्बन्धित वडा कार्यालयको सिफारिसमा नगर प्रमुखले रु.१५,०००/–पन्ध्र हजार सम्म नगदै वा सो बराबर सम्मको जिन्सी सहायता गर्न सक्नेछ ।<br>(क) विरामी,<br>(ख) अशक्त–अपाङ्ग,<br>(ग) परिवारबाट विस्थापित सहारा विहिन वृद्ध, वृद्धा,<br>(घ) अति विपन्न व्यक्तिहरु,<br>(ङ) प्राकृतिक विपत्ति तथा विपत्मा परेका घरवार विहिन व्यक्तिहरु । | वर्तमान अवस्थामा विरामीहरुलाई रु.५,०००/– उपचार खर्च उपलब्ध गराउँदा चेकजाँच खर्च सम्म सम्भव नदेखिई थप सहयोग खर्च रकम उपलब्ध गराउन आवश्यक देखिएकोले । |
| टीकापुर नगरपालिकाको आर्थिक सहायता सम्वन्धि कार्यविधि, २०७६ को दफा (२) | (२) आर्थिक सहायता प्रदान गर्ने तरिका :<br>२.१ टीकापुर नगरपालिकाले आर्थिक सहयोग उपलब्ध गराउँदा निम्न प्रक्रिया अवलम्बन गर्नुपर्नेछ ।<br>(क) सम्बन्धित व्यक्ति वा निजको अभिभावक वा निजको संरक्षकको निवेदन ।<br>(ख) अपाङ्गको हकमा सम्बन्धित निकायबाट जारी गरिएको अपाङ्ग परिचयपत्रको प्रतिलिपि ।<br>(ग) प्राकृतिक विपत्ति तथा विपद्मा परेकाको हकमा प्रहरी सर्जमिन मुचुल्का र टीकापुर नगर कार्यपालिकाको वातावरण तथा विपद् व्यवस्थापन समितिको सिफारिस ।<br>(घ) विरामीको हकमा निवेदन साथ सम्बन्धित अस्पताल, नर्सिङहोम वा स्वास्थ्य क्लिनिक वा जाँच गर्ने डाक्टरले जाँच गरेको प्रमाणपत्रको प्रतिलिपि ।<br>(ङ) सम्बन्धित डाक्टरले उपचारको लागि लेखी दिएको औषधीहरुका विवरण र सो खरिदको लागि अनुमानित लाग्ने खर्चको विवरण ।<br>तर माथी जुनसुकै कुरा लेखिएको भएतापनि कडा रोग लागि अपरेशन गर्नुपर्ने, कुनै अङ्ग फेर्नु पर्ने वा उपचारका लागि धेरै खर्च लाग्ने भएमा सो को मेडिकल बोर्डको सिफारिस समेत पेश गर्नुपर्नेछ । मेडिकल बोर्डको सिफारिस सहित सहयोग भएको हकमा टीकापुर नगर कार्यपालिकाको सामाजिक समितिको सिफारिस बमोजिम टीकापुर नगरपालिकाको कार्यपालिका बैठकमा पेश गरी निर्णय भए बमोजिम बढीमा रु.१५,०००/– अक्षरुपी पन्ध्र हजार सम्म सहयोग उपलब्ध गराउन सकिनेछ । | (२) आर्थिक सहायता प्रदान गर्ने तरिका :<br>२.१ टीकापुर नगरपालिकाले आर्थिक सहयोग उपलब्ध गराउँदा निम्न प्रक्रिया अवलम्बन गर्नुपर्नेछ ।<br>(क) सम्बन्धित व्यक्ति वा निजको अभिभावक वा निजको संरक्षकको निवेदन ।<br>(ख) अपाङ्गको हकमा सम्बन्धित निकायबाट जारी गरिएको अपाङ्ग परिचयपत्रको प्रतिलिपि ।<br>(ग) प्राकृतिक विपत्ति तथा विपद्मा परेकाको हकमा प्रहरी सर्जमिन मुचुल्का र टीकापुर नगरपालिकाको वातावरण तथा विपद् व्यवस्थापन समितिको सिफारिस ।<br>(घ) विरामीको हकमा निवेदन साथ सम्बन्धित अस्पताल, नर्सिङहोम वा स्वास्थ्य क्लिनिक वा जाँच गर्ने डाक्टरले जाँच गरेको प्रमाणपत्रको प्रतिलिपि ।<br>(ङ) सम्बन्धित डाक्टरले उपचारको लागि लेखी दिएको औषधीहरुका विवरण र सो खरिदको लागि अनुमानित लाग्ने खर्चको विवरण ।<br>तर माथी जुनसुकै कुरा लेखिएको भएतापनि कडा रोग लागि अपरेशन गर्नुपर्ने, कुनै अङ्ग फेर्नु पर्ने वा उपचारका लागि धेरै खर्च लाग्ने भएमा सम्बन्धित वडा कार्यालयको सिफारिस भई कार्यपालिकामा पेश भएमा टीकापुर नगरपालिकाको कार्यपालिकाको बैठकबाट निर्णय भए बमोजिम बढीमा रु.५०,०००/– अक्षरुपी पचास हजार सम्म सहयोग उपलब्ध गराउन सकिनेछ । | रोगको प्रकार र सो को उपचार गर्दा लाग्ने खर्चको साथै विरामीको आर्थिक अवस्थालाई मध्यनजर गरी थप सहयोग रकम उपलब्ध गराउन आवश्यक देखिएकोले । |

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमाणित

प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner

प्रस्ताव नं.२१ :- आयोजना तथा कार्यक्रम संशोधन सम्बन्धमा ।

निर्णय नं. २१ :- प्रस्ताव नं. २१ माथी छलफल गर्दा टीकापुर नगरपालिकाको मिति २०८०।०८।२५ गते बसेको २४ औं कार्यपालिका बैठकको निर्णय नं.७ का आयोजना तथा कार्यक्रमहरुलाई देहाय बमोजिम संशोधन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपिशल

| क्र. सं. | साविक आयोजना तथा कार्यक्रमको नाम | साविक विनियोजित रकम रु | क्र. सं. | संशोधित आयोजना तथा कार्यक्रमको नाम | आयोजना स्थल | विनियोजीत रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | पार्क गेट देखि पिक्नीक स्थल सम्मको सडक स्तरोउन्नति गर्ने कार्य | १०,००,००० | १ | टीकापुर बृहत उधान बंगला पार्कको पूर्वाधार निर्माण तथा व्यवस्थापन कार्यक्रम | टीकापुर-५ | ८०,००,००० | |
| २ | गुलाब तथा विभिन्न प्रजातीका बोट बिरुवा खरिद गर्ने कार्य | ५,००,००० | | | | | |
| ३ | पिकनिक स्थल स्तरोउन्नति गर्ने कार्य | १०,००,००० | | | | | |
| ४ | विरेन्द्र विश्राम बाटीकाको मर्मत सम्भार गर्ने कार्य | १०,००,००० | | | | | |
| ५ | पार्क गेट र पिकनिक स्थल स्थित शौचालय मर्मत सम्भार गर्ने कार्य | ५,००,००० | | | | | |
| ६ | पार्कको गेटमा डिजिटाइजेशन गर्ने कार्य | ५,००,००० | | | | | |
| ७ | पार्कको फायरलाईनमा रहेको काठको रेलिङ्ग मर्मत गर्ने कार्य | १०,००,००० | | | | | |
| ८ | पार्कका लागी फुटकर सामान खरिद | १,००,००० | | | | | |
| ९ | पार्क मुल गेट देखि पार्क भित्र काठेपुल सम्म सेल्फी एरिया निर्माण कार्य | ५,००,००० | | | | | |
| १० | पिकनिक स्थल सम्म खानेपानी लाईन विस्तार गर्ने | १०,००,००० | | | | | |
| ११ | पिकनिक स्थलको पुर्वाधार संरचनामा रंग रोगन गर्ने कार्य | ३,००,००० | | | | | |
| १२ | पार्क काठेपुलको खोल्सामा चिल्ड्रेन बोट संचालन | ३,००,००० | | | | | |
| १३ | पार्क भित्र Botanical Garden, Water Fountain, Information Center | ३,००,००० | | | | | |

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner

| | | |
|---|---|---|
| जम्मा रकम | ८०,००,००० | |

प्रस्ताव नं.२२ सिमा सुरक्षा बल कालाकुन्डामा ईन्टरनेट जडान सम्बन्धमा ।

निर्णय नं.२२ प्रस्ताव नं.२२ माथी छलफल गर्दा टीकापुर नगरपालिका वडा नं.७ स्थित सिमा सुरक्षा बल कालाकुन्डामा ईन्टरनेट जडानका लागी सञ्चार महशुल शिर्षकमा विनियोजन रकमबाट रु. ५०,०००/- (पचास हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमाणित

प्रमुख प्रशासकिय अधिकृत